**बैठक संख्या: ४/१९६औं**

आज मिति २०८२ कार्तिक १३ गते बिहीबारका दिन यस सूर्यविनायक नगरपालिका नगर कार्यपालिकाको १९६औं बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी देहायका विषयमा छलफल तथा निर्णय गरियो।

उपस्थिति :

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बासुदेव थापा | नगर प्रमुख | |
| २ | श्री सरिता तिमसिना भट्टराई | उप प्रमुख | |
| ३ | श्री सानुकाजी कायस्थ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री प्रदिप कार्की | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री लछुराम न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री राजकुमार जोशी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री ईश्वर खड्का | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रबिन्द्र सापकोटा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री पुष्पराज बस्नेत | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री ~~भगवान खत्री~~ शेरकाजी सुवाल | वडा अध्यक्ष वडा नं. ९ (का.वा.) | |
| १२ | श्री शिवराम राउत | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री तारा खतिवडा सापकोटा | कार्यपालिका सदस्य | |
| १४ | श्री कमला पोखरेल | कार्यपालिका सदस्य | |
| १५ | श्री शर्मिला बस्नेत | कार्यपालिका सदस्य | |
| १६ | श्री सावित्री मिश्र | कार्यपालिका सदस्य | |
| १७ | श्री हेमा दाहाल खतिवडा | कार्यपालिका सदस्य | |
| १८ | श्री सुमन परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रजुन तिखत्री | कार्यपालिका सदस्य | |
| २० | श्री सुनिल भुजेल | कार्यपालिका सदस्य | |
| २१ | श्री युवराज आचार्य | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

आमन्त्रित:

| क.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्पराज न्यौपाने | वरिष्ठ शाखा अधिकृत | |

<u>प्रस्तावहरु:</u>

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा।

२. कार्यालय भवनको बीमा सम्बन्धमा।

३. आन्दोलनको क्रममा भएको क्षतिको विवरण सम्बन्धमा।

४. विपद व्यवस्थापन सम्बन्धमा ।

५. विविध ।

<u>निर्णय नं. १: अघिल्लो बैठकहरुको समीक्षा सम्बन्धमा:</u> कार्यपालिकाको १९५ औं लगायत यस अघिका बैठकका निर्णयहरु कार्यान्वनयको अवस्था बैठकमा प्रस्तुत भई आवश्यक छलफल तथा समीक्षा भयो । बैठकका निर्णय कार्यान्वयको अवस्था बारे समग्र संक्षिप्त समीक्षा सहित विगतका राम्रा पक्षको निरन्तरता दिने र कमजोरीहरु सुधार गर्ने।

<u>निर्णय नं. २: कार्यालय भवनको बीमा सम्बन्धमा:</u> सरकारी कार्यालय भवनहरु प्राकृतिक प्रकोप (आगलागी, भूकम्प, बाढीपहिरो, हावाहुरी), चोरी वा दुर्घटना जस्ता जोखिमहरूबाट हुने सम्भावित जोखिम कम गर्न नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुको बीमा पोलिसीको नवीकरण, दावी प्रक्रिया, र अन्य व्यवस्थापन लगायत कानून बमोजिम प्रकृया पुरा गरी कार्यालय भवनहरुको निर्जीवन बीमा गर्न कार्यालयलाई निर्देशन दिने ।

<u>निर्णय नं. ३: आन्दोलनको क्रममा भएको क्षतिको विवरण सम्बन्धमा:</u> भाद्र २४ गते यहि भाद्र २३ र २४ गते देशैभर भएको Gen-Z (जेन्जी) आन्दोलनको क्रममा भएको तोडफोड तथा आगजनी भई पूर्णरुपमा ध्वस्त भएका वडा नं. ४ र ७ को वडा कार्यालयरहरु र आंशिक क्षति भएको नगर कार्यपालिकाको कार्यालय समेत गरी अनुमानित देहाय बमोजिम क्षति भएको देखियो ।

| क.सं. | कार्यालयको नाम | क्षतिको अवस्था | क्षतिको अनुमानित रकम रु. |
|---|---|---|---|
| १ | नगर कार्यपालिकाको कार्यालय | झ्याल तथा ढोकाहरुको सिसा, डिजिटल नागरिक वडापत्र, सिलालेख, हाजिरी मेसिन, सि.सि.क्यामेरा, कम्प्युटर प्रिन्टर बायोमेट्रिक डिभाइस लगायतका सामग्रीहरु। | २०,००,१००/- |
| २ | ४ न. वडा कार्यालय दधिकोट | भवनमा भएको आंशिक क्षति र उक्त भवनमा रहेका विभिन्न कार्यालय सामग्रीहरु आगजनी भई क्षति भएको। | ४८,०९,०००/- |